अनुसूची-१

(दफा-१४ संग सम्बन्धित)

**अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२४)*

सूर्योदय नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिक्कल, इलाम
२०७३

सूर्योदय नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फारममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साइजको फोटो १ प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचयपत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाणपत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको राजश्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हाँसिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस सूर्योदय नगरपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्ने छ । रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारबाही हुने छैन । साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारबाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. **विज्ञापन नं. :** प्र.०५/०७९/०८०
२. **पद :** अपाङ्गता सहायता सहजकर्ता
३. **माग संख्या :** १ जना
४. **सेवाको किसिम :** करार सेवा
५. **दरखास्त बुझाउने अन्तिम मिति :** विज्ञापन प्रकाशन भएको मितिदेखि १५ दिनभित्र । उक्त दिन कार्यालय बन्द रहेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र ।
६. **उम्मेद्वारको छनौट विधि :** प्रत्यक्ष मौखिक अन्तर्वार्ता र अन्य विविध पक्षको मूल्याङ्कन
७. **दरखास्त फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम ।
८. **परीक्षा दस्तुर :** रू. ३००।– (तीन सय रुपैयाँ मात्र)
९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखामा राजश्व तिरी सोको भौचर फारमसाथ पेश गर्नुपर्नेछ ।
१०. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान :** दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको दुई दिन भित्र यस सूर्योदय नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै वेबसाइट र फेसबुक पेजमा समेत प्रकाशन गरिनेछ ।
११. **आवेदन स्वीकृत/ अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।**
१२. **मासिक तलब :** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
१३. **आवश्यक न्यूनतम योग्यता :**
    (क) नेपाली नागरिक
    (ख) अपाङ्गता भएका व्यक्ति
    (ग) मान्यता प्राप्त शैक्षिक संस्थाबाट + २ वा सो सरह उत्तीर्ण गरेको
    (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको
    (ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ/ संस्थामा काम गरेको अनुभव भएको, कम्प्यूटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि साङ्केतिक भाषा दोभाषे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

०७९/१२/२४

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत